म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्बृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १७१ २०८१ वैशाख ३० गते आइतबार 12 May 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

**विद्यार्थी भर्ना अभियान-२०८१**

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

## युवा सम्मेलनमा युवा सांसदको गुनासो

# "सरकारले हाम्रो कुरा सुन्दैन"




*बहसमा आफ्ना कुरा राख्नुहुँदै प्रतिनिधि सभा सदस्य महेश कुमार बर्तौला ।*

हेटौंडाः बागमती प्रदेश युवा सम्मेलन-२०८१ को नीति, राजनीति र समृद्धि शीर्षकमाथिको बहसमा सहभागी प्रतिनिधिसभाका तीन सांसदले युवामाझ आफ्नै गुनासो पोखेका छन् । नेकपा एमालेका प्रमुख सचेतक महेशकुमार बर्तौला, नेपाली कांग्रेसकी सचेतक सुशीला थिङ र माओवादी केन्द्रका सांसद माधव सापकोटाले युवाहरुको प्रश्नको जवाफसँगै आफ्नै पीडा पनि सुनाएका हुन् ।

हेटौंडामा जारी युवा सम्मेलनमा सहभागीहरुले तीन जना सांसदलाई नीति निर्माणमा काम हुन नसकेको, मुलुक अस्थिरतामा फसेको, वडाअध्यक्षले गर्ने काम देखाएर सांसदले भोटको राजनीति गरेको, युवाहरुको मुद्दा सम्बोधन नभएको लगायतका प्रश्न राखेका थिए । प्रश्नमाथि तीनै जना सांसदले निर्वाचन प्रणाली, संसदीय अंग गणितले निम्त्याएको अस्थिरता र सरकारको नेतृत्वकर्ताहरुको शैलीलाई कारक तत्वको रुपमा देखाउन खोजे ।

सांसद बर्तौलाले सांसदले उठाएका विषय ठीक समयमा ठीक ठाउँमा कार्यान्वयन नभएको गुनासो गरे । 'हामी सरकारका नभई जनताका प्रतिनिधि हौं । हामीले उठाएका कुरा सरकारले सुन्दैसुन्दैनन्, हामी निराश छौं', उनले थपे । सरकारले जनताका प्रतिनिधिले उठाएको सवाल कार्यान्वयन नगर्दा सांसदहरु बेकामे बनेको पीडा पोखे । विगत डेढ वर्षमा प्रतिनिधिसभाबाट ४ वटा मात्रै कानुन बन्न सकेकाले सांसदमाथि प्रश्न उठ्ने ठाउँ रहेको बर्तौलाले बताए । ८१ वटा कानुन निर्माण गर्नुपर्नेमा ४ वटा मात्रै कानुन निर्माण भएकाले समस्या उत्पन्न भएको उनी बताउँछन् ।

कांग्रेस सचेतक थिङले भनिन, 'प्लेटोको भन्नुभएको छ, बुद्धिमान हौ भने राजनीति गर । नत्र मुर्खहरुबाट शासित हुनुपर्छ,' टालाटुलीबाटुली जस्तै सरकार रहेकाले युवाले अपेक्षा गरेअनुसारको काम हुन नसकेको थिङले दाबी गरिन् । नीतिमा २५ वर्षपछि युवाहरुलाई सांसदमा जान सक्ने व्यवस्था गरेकोसमेत थिङले उल्लेख गरिन् । स्थिर सरकार बनाउने जिम्मा युवाहरुको काँधमा आएको उनको भनाइ थियो । 'संसदीय अंक गणितले गर्दा कहिले सत्तापक्ष त कहिले प्रतिपक्ष भइराखेका छौं । यसरी काम हुनै सक्दैन नि', उनले भनेकी छन् ।

राज्यको नीति धेरै खराब नभएको तर परिचालन गर्ने व्यक्ति खराब भएको उनले बताइन् । कानुन निर्माणका सम्बन्धमा विधायकहरुले पर्याप्त समय नपाएको गुनासो गरिन् । विधेयकमाथि संशोधन प्रस्ताव ७२ घण्टा दर्ता गरिसक्नुपर्ने प्रावधान अव्यवहारिक भएको उनको भनाइ थियो । सांसद थिङले युवाहरु कि खाडीमा कि कारागारमा पुगेकामा चिन्ता व्यक्त गरिन् । जर्वजस्तीकरणी र लागूऔषध मुद्दामा युवाहरुले कारागार भरिएको उनको भनाइ थियो ।

जबर्जस्तीकरण सम्बन्धी कानुनले तोकेको १८ वर्ष उमेर सीमा र अन्य प्रावधानले धेरै युवालाई जेल पुऱ्याएको थिङको टिप्पणी थियो । जबर्जस्तीकरणी सम्बन्धी कानुन परिमार्जन आवश्यक रहेको उनले बताइन् । 'कानुन संशोधनको विषय पनि उठेको छ । तर, यसको अर्थ अनर्थ नलागोस्', थिङले भनिन् । माओवादी सांसद सापकोटाले शासकीय प्रणालीलाई दोष दिए । उनले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्थाबाट स्थिर सरकार हुनुपर्ने माओवादीको एजेण्डामा अन्य राजनीतिक दल सहमत नहुँदा संविधान निर्माणकै बेलामा शासकीय प्रणालीको विषयमा गल्ती हुन पुगेको बताए । संसदीय प्रणालीका कारण मुलुकमा अस्थिरता रहेको उनको दाबी थियो ।

प्रधानमन्त्री वडा कार्यालयको उद्घाटनसम्म पुगेको विषय उठेपछि सापकोटाले प्रधानमन्त्रीले सिंहदरबारमा बसेर नीति तथा शासन व्यवस्था सञ्चालन गर्नुपर्ने बताए । सांसदहरुको काम, कर्तव्यमाथि जनता सचेत नभएकोप्रति सापकोटाले गुनासो राखे । भोट माग्न जाँदा सांसदलाई कस्तो कानुन निर्माण गर्छस् भनेर सचेत रुपमा नसोधेसम्म अवस्था नसुध्रिने उनको भनाइ थियो । 'सांसदको काम कानुन निर्माण गर्ने हो । बाटोघाटो बनाउने भइरहेको छ । चुनावमा कानुनका कुरा कम सुनिन्छ । धारा, सडक दिन्छौं भनेर भन्नु परेको छ' उनले भने । सामाजिक विकास मन्त्रालयअन्तर्गतको प्रदेश युवा परिषद् कार्यालयको आयोजनामा भएको प्रदेश युवा सम्मेलन आइतबारसम्म हुनेछ ।

प्रदेशका १३ जिल्लाको ११९ पालिकामध्ये ९१ पालिकाबाट १६ वर्षदेखि ३० वर्ष उमेर समूहका २०० बढी युवाको सहभागिता रहेको छ । युवा सम्मेलनमा जिल्लाका सामुदायिक क्याम्पसका उत्कृष्ट विद्यार्थी, आदिवासी जनजाति, दलित, सीमान्तकृत समुदायलाई प्राथमिकता दिएर महिलालाई सहभागी गराइएको परिषद्ले उल्लेख गरेको छ । सम्मेलनमा शिक्षा, सीप, नवप्रवर्तन, रोजगारी र नीतिगत सुधारका क्षेत्रमा गरेर ५ वटा विषयमा छलफल तथा अन्तरक्रिया भएको छ । पाँच सत्रमा उठान भएका मुद्दामा छलफलका लागि आइतबार बागमतीका मुख्यमन्त्रीसँग युवा कार्यक्रम गर्ने तयारी परिषद्को छ ।

सम्मेलनमा युवाको ज्ञान, सीप, सिर्जना र क्षमता अभिवृद्धि गर्ने उद्देश्यबाट गतिविधि सञ्चालन भएको परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले बताए । सम्मेलनमा शिक्षामा कहाँ छ समस्या ?, नीति, राजनीति र समृद्धि, डिजिटल साक्षरताः प्रविधि, अवसर र सम्भावना, नवप्रवर्तन र उद्यमशीलताः नीति र निरन्तरता, विदेशमा आर्जित ज्ञान र सीप देशमा लगानीको सम्भावनाका विषयमा अन्तरक्रिया भएको छ । युवा सम्मेलनबाट वर्ष २०८१ लाई 'युवा सीप वर्ष' घोषणा गर्ने तयारी गरिएको उपाध्यक्ष चौलागाईंले जानकारी दिए । *(स्रोतः अनलाइनखबर)*

# हेटौंडा अस्पतालमा राजनैतिक दलहरूको ध्यानाकर्षण




**समाज संवाददाता**

हेटौंडाः हेटौंडा अस्पतालको स्वामित्व मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई दिने कार्य हुन लागेको भन्दै मकवानपुरका राजनैतिक दलहरूको ध्यानाकर्षण गराएका छ । शनिबार एक संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै मकवानपुरका राजनैतिक दलहरुले ध्यानाकर्षण भएको जनाएका हुन् ।

बागमती प्रदेश सरकारले स्थापना गरेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौंडामै एमबीबीएससम्मको पढाइको तयारी गरेर भौतिक पूर्वाधारहरु निर्माण गरिरहेको छ । विगतमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको आफ्नै भौतिक पूर्वाधार तयार नभएसम्मका लागि हेटौंडा अस्पताललाई प्रयोगशालाका रुपमा लिइने सहमति भएको थियो । उक्त सहमति भएता पनि पछिल्लो समयमा हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहतमा ल्याएर सम्पूर्ण सम्पत्ति र स्वामित्व हस्तान्तरण गर्ने गरी प्रदेश सरकारले स्वास्थ्य मन्त्रालयमार्फत् प्रक्रिया अघि बढाएको भन्दै ध्यानाकर्षण गरिएको हो ।

राज्यको ठूलो सम्पत्ति, आफ्नै अस्तित्व र गरिमा रहेको र दैनिक २ हजारभन्दा बढी नागरिकले उपचार सेवा पाइरहेको हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभ्ने र अस्तित्व नै नामेट पार्ने गतिविधि भएको भन्दै राजनैतिक दलहरुले ध्यानाकर्षण भएको जनाएका हुन् । यस कार्यमा प्रदेश सरकार लागिरहेको सरकारमै रहेका र सरकार बाहिर रहेका दलहरूलाई पनि अस्वीकार्य रहेको जानकारी गराउँदै मकवानपुरका जनताको अमूल्य निधिलाई नामेट पार्ने काम प्रदेश सरकारबाट भइरहेकाले दलहरुको आरोप छ । यो प्रक्रिया तत्काल नरोकिए मकवानपुरका राजनीतिक दल सशक्त आन्दोलनमा उत्रिने ध्यानाकर्षणपत्रमा उल्लेख छ । हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभ्ने प्रक्रिया तत्काल बन्द नगरे सडक र प्रदेशसभामा समेत आन्दोलनको कार्यक्रम सञ्चालन गर्ने राजनैतिक दलहरूले चेतावनी दिएका हुन् ।

यता, बागमती प्रदेशका स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले ऐनमा नै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पतालमा हुने रहेकोमा सोही अनुसार मन्त्रालयले काम गरेको बताउनुभयो । हेटौंडा अस्पतालमा प्रतिष्ठान र सरकारी कर्मचारी गरी २ किसिमको हुने भएकाले र पहिलेबाटै एकै स्थानमा भएकाले प्रतिष्ठानबाट नै सञ्चालन गर्न सहज हुने उहाँले धारणा राख्नुभयो । हेटौंडामा स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र प्रभावकारी बनाउन अस्पताललाई प्रतिष्ठानमा हस्तान्तरण गरेर कार्य गर्न सहज हुने भन्दै मन्त्रिपरिषद् बैठकमा नै उक्त छलफल भएको मन्त्री श्रेष्ठको भनाइ छ । प्रदेशको अर्को सरकारी अस्पताल छुट्टै बनाएर जाने निर्णय भएको उहाँले जानकारी गराउनुभयो ।

बागमती प्रदेशमा १२ जिल्लामा प्रादेशिक अस्पताल रहेको बताउँदै उहाँले भन्नुभयो, 'प्रदेशमा १२ वटा प्रादेशिक अस्पताल रहेका छन् । हेटौंडामा हेटौंडा अस्पताल र प्रतिष्ठानको अस्पताल दुबै रहेकाले मिसमास देखिएको छ । हेटौंडा अस्पतालमा विशेष सेवा दिने उद्देश्यले प्रतिष्ठानलाई हस्तान्तरण गर्न लागिएको छ । हेटौंडाबाट अन्यत्र जानुपर्ने बाध्यता रहेकाले हेटौंडामा नै स्वास्थ्यमा सेन्टर हबको रुपमा विकास गर्न उक्त कार्य गर्न लागेका हौं । अब हामीले प्रादेशिक अस्पताल निर्माण गरेर जान्छौं ।' मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले एमबीबीएससम्मको अध्यापनको तयारी गरेको मन्त्री श्रेष्ठको भनाइ छ । प्रतिष्ठान निजी संस्था नभएको र प्रदेशको ऐनबमोजिम दर्ता भएको उहाँले बताउनुभयो ।

## कमलले काकीलाई कैंचीले हान्यो

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-९, प्रगतिटोलका ५० वर्षीय कमल परियारले मादक पदार्थ सेवन गरी ६५ वर्षीया काकी गोमा दमाईलाई कैचीले टाउकोमा हानेर घाइते बनाएका छन् । शनिबार दिनको १ बजेर २० मिनेटको समयमा कमलले काकीलाई कैंची प्रहार गरी घाइते बनाएको भनी खबर प्राप्त भएपछि प्रहरी खटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । ईलाका प्रहरी कार्यालय पशुपतिनगर खटिएको टोलीले घाईते गोमालाई उपचारका लागि हेटौंडा अस्पताल पठाएको थियो । घाइते गोमा बोल्न नसक्ने, अचेत रहेको प्रहरीले जानकारी दिएको छ । गोमालाई उपचारका लागि चुरेहिल हस्पिटल रेफर गरिएको प्रहरीले जनाएको छ । कुटपिट गर्ने कमललाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## बञ्चरो प्रहारबाट २ जनाको हत्या

दाङः दाङमा बञ्चरो प्रहारबाट दुई जनाको हत्या भएको छ । शनिबार बेलुकी करिब ५ बजे घोराही उपमहानगरपालिका-१०, पहेलपारमा स्थानीय ५० वर्षीया जुपली बुढा र सुर्खेत वीरेन्द्रनगर नगरपालिका-२ घर भएकी ४४ वर्षीया संगीता सुनारको बञ्चरो प्रहारबाट हत्या भएको जिल्ला प्रहरी कार्यालय दाङका डीएसपी जनकबहादुर मल्ले जानकारी दिए ।

प्रहरीले हत्या गरेको आरोपमा रोल्पाको थवाङ गाउँपालिका-२ घर भई घोराही उपमहानगरपालिका-१७ चौघेरामा बसोबास गर्दै आएका ५७ वर्षीय अटो चालक टेकबहादुर घर्तीलाई पक्राउ गरेको उनले बताए । प्रहरीले घटनास्थलको प्रकृति मुचुल्का लगाएर अनुसन्धान जारी राखेको छ । घटनाको थप विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ ।

*स्रोतः अनलाइनखबर ।*

# जनप्रनिनिधिका लागि कार्यशाला गोष्ठी

**समाज संवाददाता**

हेटौंडाः नेकपा माओवादी केन्द्र जिल्ला समन्वय समिति मकवानपुरले पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरुका लागि एक दिने कार्यशाला गोष्ठी आयोजना गरेको छ । शनिबार पार्टी मकवानपुरका संयोजक भीम पाखिनको सभाध्यक्ष तथा पार्टी केन्द्रीय सदस्य एवम् बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा गोष्ठी भएको हो ।

गोष्ठीलाई सम्बोधन गर्नुहुँदै मन्त्री मोक्तानले सरकारले आवश्यकताअनुसार बजेट निर्माण गरी विनियोजन गर्नुपर्ने बताउनुभयो । बजेट बनाउँदा पार्टी र सरकारबीचको विरोध समाधान कसरी गर्ने भन्ने विषयमा आधारित रहेर बजेट निर्माण गर्नुपर्ने उहाँको भनाइ छ । उहाँले पार्टी र सरकारबीच सहकार्य हुन नसकिरहेको पनि बताउनुभयो । अहिले पार्टी र जनप्रतिनिधिबीच अन्तरविरोध बढेको बताउनुहुँदै उहाँले यसको समाधान खोज्नुपर्ने बताउनुभयो ।

गोष्ठीमा नीति र नेतृत्वको विषयमा पार्टीका केन्द्रीय सदस्य माधव सापकोटा र बागमती प्रदेश मुख्यमन्त्री कार्यालयका सल्लाहकार डीपी ढकालले समाजवादउन्मुख बाटोमा कस्तो बजेट र योजना भन्ने विषयमा प्रशिक्षण गराउनुभयो ।

स्थानीय सरकारको काम, कर्तव्य र अधिकारबारे अधिवक्ता गणेश पाण्डे, स्थानीय सरकारको अनुभवबारे दोस्रो कार्यकाल बागमती गाउँपालिकाका अध्यक्षको रुपमा काम गरिरहनु भएका सर्केश घलान र थाहा नगरपालिकाका निवर्तमान मेयर लवशेर विष्टले जानकारी गराउनुभयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज विजय गौतम, प्रदेश कमिटी सदस्य एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, ज्ञानसागर भोलन, कमान सिंह पाखिनलगायत मकवानपुरको विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सम्पादकीय

# उपलब्धीविहीन प्रदेशसभा

संघीयता कार्यान्वयनको महत्वपूर्ण मानिएको प्रदेश संरचनाको औचित्यमाथि बारम्बार प्रश्नचिह्न लाग्ने गरेको छ । संविधान कार्यान्वयनको महत्वपूर्ण खुट्किलो मानिएको प्रदेश तहमा देखिएका विसंगति र विकृतिले सीमा नाघ्न लागेको अवस्थामा प्रदेश संरचनाको उपलब्धीसमेत न्यून बनिरहेको छ । संघीयतासँगै नयाँ प्रयोगको रुपमा ल्याइएको प्रदेश तह र यसका संरचनाहरु आर्थिकरुपमा बोझिलो र उपलब्धीका आधारमा औचित्यहीन बन्दै जाँदा यसको भविष्यसमेत अन्यौलमा पर्ने सम्भावना बढाएको छ । मुलुकका ७ वटा प्रदेशमध्ये सबैजसोमा राजनीतिक अस्थिरता उत्कर्षमा पुगिसकेको छ । अधिकांश प्रदेशका मुख्यमन्त्रीहरुले डेढ वर्षको अवधिमा ३-४ पटकसम्म विश्वासको मत लिनुपर्ने अवस्था बनेको छ । राजनीतिक अस्थिरताका कारण सत्ता गठबन्धनमा भइरहेको परिवर्तन र दलहरुबीचको सत्तामोहले प्रदेश सरकार अस्थिर हुँदा प्रदेशसभासमेत कामविहीन बन्नु परिरहेको छ ।

प्रदेश सरकारले भोग्दै आएको गतिरोधको प्रभाव बागमती प्रदेशको प्रदेशसभामा पनि परिरहेको छ । प्रदेश सरकारले समयमै आवश्यक निर्णय गर्न नसक्दा र प्रदेशसभालाई आवश्यक बिजनेस दिन नसक्दा प्रदेशसभाको उपलब्धी न्यून देखिएको छ । करिब २ महिना चलेको बागमती प्रदेशको हिउँदे अधिवेशनमा जम्मा ६ पटक बैठक बस्न सक्नुले पनि प्रदेशसभाको उपलब्धी न्यून रहेको बुझ्न कठिन हुँदैन । अधिवेशनमा प्रदेशसभाको ६ पटकको बैठक अवधि जम्मा ५ घण्टा ११ मिनेटमात्र रहेको थियो । यस अवधिमा बागमती प्रदेशसभाले बजेटमाथिको विवाद समाधानका लागि गठित विशेष समितिको सुझावसहितको प्रतिवेदन पारित गर्ने र मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तेस्रो पटक विश्वासको मत लिनेबाहेक कुनै पनि काम भएन । प्रदेश तहमा आवश्यक आधाजस्तो कानुन निर्माण हुन नसकेको अवस्थामा पूरै अधिवेशनमा एउटा पनि कानुन बनाउन नसक्नुले प्रदेशसभा औचित्यहीन बन्ने सम्भावना बढेको हो ।

संसदीय व्यवस्थामा सरकार (कार्यपालिका)लाई आवश्यक पर्ने कानुन संसद (व्यवस्थापिका)ले पारित गर्नुपर्छ । प्रदेश सरकार सञ्चालनका लागि आवश्यक कानुन प्रदेशसभाले पारित गर्ने हो । वर्षे र हिउँदे गरेर संसदको वर्षमा दुईवटा अधिवेशन हुन्छ । वर्षेलाई बजेट अधिवेशन र हिउँदेलाई विधान अधिवेशनको रुपमा लिने गरिन्छ । बागमती प्रदेशसभाको पहिलो ५ वर्षमा ४३ वटा मुल कानुनसहित ७० वटा विधेयक पारित भएका थिए । तर, प्रदेशसभाको दोस्रो कार्यकालको डेढ वर्षमा प्रदेशसभाले ४ वटा मुल कानुनसहित जम्मा ८ वटा विधेयक पारित गरेको छ । प्रदेशसभाले हालसम्म ७८ वटा विधेयक पारित गरेकोमा मुल ऐन ४७ वटामात्र रहेको छ । ३१ वटा विधेयकहरु संशोधित ऐन र सालबसाली ऐनहरु छन् । प्रदेश सरकार सञ्चालन तथा सेवा प्रवाहका लागि कम्तिमा ९९ वटा कानुन आवश्यक हुने भए पनि प्रदेशसभाले आवश्यकमध्ये आधा ऐन पनि निर्माण गर्न सकेको छैन ।

गत फागुन १५ गतेबाट सुरु भएको बागमती प्रदेशसभाको १३ औं अधिवेशनमा वैशाख १२ गते अन्त्य गरिएको थियो । उक्त अवधिमा एउटै पनि कानुन निर्माण हुन सकेन । उक्त अवधिमा गत असोजमा वर्षे अधिवेशनमा पेस भएको प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालनसम्बन्धी विधेयकलाई अघि बढाउनुबाहेक सरकारले कुनै नयाँ विधेयक संसदमा पेस गर्न सकेन । प्रदेश हस्तकला ग्रामसम्बन्धी विधेयक पनि संसदीय समितिमा छलफलकै चरणमा छ । प्रदेशसभाको दोस्रो कार्यकालको डेढ वर्ष बित्दासमेत ५ वटा विषयगत संसदीय समितिको नेतृत्व चयन हुन सकेको छैन । संसदीय समितिको नेतृत्व चयन नहुँदा समितिमा पठाइएका विधेयकहरु टुंगो लाग्न सकेको छैन । प्रदेशको संरचना नयाँ हुँदा सुरुवातमा केही अलमल हुनु स्वभाविक भए पनि प्रदेश तहका संरचना प्रभावकारी नहुँदा प्रदेशसभाको उपलब्धी पनि शून्यप्राय: हुने अवस्थामा पुगेको छ । प्रदेशसभालाई आवश्यक बिजनेस दिएर प्रदेशसभाको गति तिब्र नबनाउने हो भने प्रदेशसभासँगै प्रदेश सरकारसमेत औचित्यहीन र उपलब्धीविहीन बन्ने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आर्थिक अवस्थामा सुधार हुने समय छ ।
**वृष** : उन्नतिको पथमा अगाडि बढिने समय योग छ ।
**मिथुन** : धन खर्च बढ्ने समय योग रहेको छ ।
**कर्कट** : स्वास्थ्य समस्यामा सुधार आउने समय छ ।
**सिंह** : प्रतिष्ठा र कार्यक्षमतामा समय व्यतित होला ।
**कन्या** : प्रकृतिमा आनन्द मनाइने समय योग छ ।
**तुला** : राम रमाइलोमा समय व्यतित हुने समय छ ।
**वृश्चिक** : दाम्पत्य सुखमा रमाइने समय योग छ ।
**धनु** : हाँके/ताकेका काममा समय व्यतित हुने छ ।
**मकर** : बोली प्रभावपूर्ण बन्ने समय योग छ ।
**कुम्भ** : भेटघाटमा जुट्ने अवसर मिल्ने समय छ ।
**मीन** : धार्मिक कामबाट आत्मा शान्ति प्राप्त हुने योग छ ।

# रास्वपा भित्रको समस्या र चुनौती



बिशभ अधिकारी

**रविको उचाई स्खलित हुनुमा उनको भनाई र गराईमा तादाम्त्यता नहुनु पनि हो । जुन रफ्तारमा रास्वपा आयो त्यो शाख जोगाउन उसलाई हम्मे-हम्मे छ ।**

चितवन र तनहूँको उपनिर्वाचनले हौसिएको रास्वपा मिसन ८४ को नारासहित आगामी सरकार आफ्नो नेतृत्वमा बनाउने दावी ईलामको उपनिर्वाचनको परिणामले तुषारापात भएको छ । रास्वपाका उम्मेदवार मिलन लिम्बूले धरौटी समेत जोगाउन असमर्थ भएपछि मिसन ८४ को सपनामाथि ठूलो बज्रपात हुन पुगेको हो । सरकारमा रहेर गृह मन्त्रालयको नेतृत्वसमेत गरेको रास्वपाको यो अवस्था अनपेक्षित थियो । रवि दाई हाई-हाई भन्ने जमात, रवि दाइ बाई-बाई भन्ने मनस्थितिमा पुगेको हो कि भन्ने धेरैले अड्कल काट्न थालेका छन् । रवि लामिछानेको पृष्ठभूमि, अमेरिकाको बसाई, नेपाल आगमन पश्चातको पत्रकारिता हुँदै रास्वपाको उदयसम्मको घटना कम रोचक छैन । गएको स्थानीय निर्वाचनमा काठमाडौं, धरान, धनगढीमा स्वतन्त्र उम्मेदवार रहेका बालेन, हर्क, गोपाल हमालले चुनाव जिते । यो निर्वाचनले एउटा महत्वपूर्ण सन्देश दियो । ठुला दलप्रति आम मानिसको विकर्षण बढ्दैछ भनेर ।

रवि यहि मनोविज्ञान बुझ्न सफल भए । फलाम तातिएको छ यहि बेला ठोक्नुपर्छ भन्ने चतुर रविले राष्ट्रिय निर्वाचनको करिब छ महिनाअघि पार्टी खोलेर नामको अगाडि स्वतन्त्र झुण्ड्याए । विकल्प खोजिरहेका निराश जनताले राष्ट्रिय स्वतन्त्र पार्टीलाई मूलुकको चौथो शक्तिकोरुपमा स्थापित गरी दिए । भष्टाचारमुक्त, सुशासनको नारा दिएको पार्टीमा युवा पंक्तिको ठूलो आकर्षण देखियो । बढ्दो भष्टाचार र युवाहरुको विदेश पलायनले ठुला दल र यसका नेताका असक्षमता सतहमा देखिन थाल्यो । संकट र निराशाका बीचमा रास्वपाले मिशन ८४ को नारा लगाउन थाल्यो, रास्वपाले केहि फरक गर्छ भन्ने सोचाई त्यतीबेला असफल र असत्य देखिन थाल्यो जब यो पार्टी सरकार र गृहमन्त्रीका लागि आफ्ना सारा मूल्य, मान्यतालाई दाउमा राखेर सरकारमा जान मरिहत्ते गर्न थाल्यो ।

गणितीय आधारमा सरकारकै नेतृत्व गर्न सक्ने सम्भावना मात्र होईन कांग्रेसले प्रधानमन्त्रीकै अफर गर्दा पनि गृहकै मोह देखिनुको रहस्य खुल्दै छ । सहकारी प्रकरणमा कुनैपनि बेला फस्न सक्ने संकेत पाएका रविले गृहमन्त्रालय नै रोज्नु अस्वाभाविक थिएन । सरकारमा गएपछि प्रचण्ड, केपीदेखि अनुसन्धान गर्ने सबै निकाय यिनको पक्षमा देखियो । महान्यायाधीवक्ताबाट कुनै उजूरी/जाहेरी, अनुसन्धान तथा अभियोजनसमेत भएको नदेखिएको भन्नेसम्मको चिट्ठी तयार पारेर आफू निर्दोष रहेको जीकिर गरिरहेका रवि लामिछानेले केचाहिँ बुझ्न सकेन भने सरकार नै बचाउमा लागेपछि सरकार मातहतका निकायको त्यत्रो ठूलो दुस्साहस होला र ? बहालवाला गृहमन्त्रीलाई दोषी करार गर्ने...?

तसर्थ सहकारी काण्डमा यिनलाई प्रतिवादी बनाईएन । तर कांग्रेसले सहकारी ठगी प्रकरणमा रविको संलग्नताबारे विस्तृत रिपोर्ट नै तयार पार्‍यो र संसदीय छानबिन समितिको माग राखी लामो समयदेखि संसद अवरुद्ध गर्दै आएको छ । संसद अधिवेशन शुक्रबारबाट बस्दैछ। यो बजेट अधिवेशन पनि सुचारु हुने देखिँदैन। कांग्रेसले संसदीय समिति बनाउनुपर्ने मागलाई बटमलाईन बनाएको छ । विगतमा रामशरण महत वा जनार्दन शर्माको बारेमा कुरो उठेपछि वा आरोप लागेपछि संसदीय समिति वा न्यायिक समिति बनेका थुप्रै नजीर रहेको छ । रविका विषयमा थुप्रै प्रश्न उठे, त्यस्लाई "यो वा त्यो बहानामा पन्छाउन नसकिएला । सहकारीको रकम ग्यालेक्सी टिभी अर्थात उक्त कम्पनिमा लैजान कानुनत: मिल्दैन। त्यहाँ ठुलो रकम लगेको देखिन्छ । यस्ता आंशकायुक्त विषयहरु छन् जस्को निरुपण हुन जरुरी छ।

रविको संलग्नता बारे निवेदन परेको छ । आफ्नै विभागीय मन्त्रिलाई कसरी अभियोजनमा प्रतिवादी बनाउन सक्छ प्रहरीले ? सहज बुझ्न सकिन्छ । त्यसैले यिनको राजिनामाको माग चर्कँदै छ । गणितीय कारणले प्रचण्ड यिनलाई जोगाउन लागेका छन् । तर, आफूलाई अलि फरक देखाउने पार्टीले म ठिक छु भने, छानबिन गर किन भन्न नसकेको होला ? ७२ घण्टाभित्र ढाकाप्रसादलाई कार्वाही हुने रविको हकमा चाहि त्यो लागू नहुने हो ? यो देवत्वकरण अन्तत: अवसानको बाटो हो भन्दा अत्युक्ति नहोला। रवीलाई जनताले शंकाको सुविधा दिएकै हुन् । शालिग्राम पुडासैनी काण्ड होस् वा दोहोरो नागरिकता, पासपोर्ट काण्ड । अनगिन्ती रवी माथिका आरोप चिरेर चितवनका जनताले चुनावमा जिताए । त्यति मात्र होईन ठूला पार्टी र त्यस्का नेताहरुलाई "नो नट अगेन" भन्दै रास्वपा चुनावमा होमिएको थियो । तर आज बिडम्वना नै भन्नुपर्छ त्यहि ठूला पार्टी र नेताको पुच्छर समातेर जसरी रास्वपा सरकारमा गयो त्यसले यो पार्टी पनि पुरानै दलको निरन्तरता हो भन्ने कुरालाई पुष्टी गरेको छ ।

रविको उचाई स्खलित हुनुमा उनको भनाई र गराईमा तादाम्त्यता नहुनु पनि हो । जुन रफ्तारमा रास्वपा आयो त्यो शाख जोगाउन उसलाई हम्मे-हम्मे छ । मुलुकको राष्ट्रिय राजनीतिमा युवा पुस्ताको आकर्षण छ । काम गर्ने क्षमता रास्वपाकै सुमना, स्वर्णिमहरुमा छनै यस्मा दुईमत छैन । बिराज, तोषिमालगायग थुप्रै रास्वपाका कार्यकर्तामा काम गर्ने हुटहुटी नभएको होईन । तर नेतृत्व गर्नेले सिङ्गो पार्टीको भविष्य हेरेर आवश्यक परे त्याग गर्न सक्नुपर्छ । बैकल्पिक पार्टी भनिने शक्तिले आचार-विचार, व्यवहारमा शुद्धता जनताले अनुभूती गर्ने खालको हुनुपर्छ । पुरानो पार्टीको नेताजस्तो ३५ बर्ष आफै अध्यक्ष हुने आर्यघाटसम्म पदमै जाने प्रवृत्ति भन्दा यो भिन्न देखिनु पर्छ । युवा उमेरको वर्चस्व रहेको पार्टीले सिङ्गै युवा पुस्ताको आशा जगाउन सक्नुपर्छ। एकथरि मानिसहरु बुढाहरु काम छैन भन्ने भाष्य निर्माण गर्न खोज्दैछन् । वास्तवमा त्यो पनि बेठिक हो । राजनीति उमेरले निर्धारण गर्दैन । क्षमता/योग्यता क्रियाशीलता र विचारको मापनमा राजनीतिलाई बस्तुगत रुपमा हेर्नुपर्छ । अन्यदेशका उदाहरणले पनि भन्छ- चिलिका गब्रियल वोरिक ३५ वर्षमा राष्ट्रपति भए भने ७८ वर्षका वाइडन अमेरिकी राष्ट्रपति छन्। फिनल्यान्डका सनामरिन ३५ वर्षका प्रधानमन्त्री छन्। नेतृत्वमा रहनेले अवस्था र आवश्यकता हेरी सक्षम र लोकप्रियलाई नेतृत्व सुम्पिएर त्यहि टिममा बसेर काम गरेको उदाहरण हाम्रै छिमेक भारतको उदाहरण हेर्दा हुन्छ। पार्टीअध्यक्ष भइसकेका राजनाथ सिंह, अमित शाह मोदीकै मन्त्रिपरिषद्मा काम गरिरहेका छन् । कुनैबेला पार्टीमा बलियो पकड बनाएका लालकृष्ण आडवाणीले प्रधानमन्त्री हुने मौका आउँदा लोकप्रियता कै कारणले अटल वा जपेयीलाई अगाडि सारे । सिंगापुर बनाउने लि कुआन युले प्रधानमन्त्री भएपछि आफ्नै छोरा लिसियनलुङ प्रधानमन्त्रीको मन्त्रिपरिषद्मा सदस्य भएर काम गरे त्यहा कुनै हिनताबोध छैन । हाकिमकहाँ यस खाले लघुताभास धैरै छ।

रास्वपाले आफूलाई पुनर्मूल्याङ्कन/आत्मसमिक्षा गर्दै पार्टीको समग्रहित, संगठनको भविष्य यसमा आवद्ध सक्षम नेता र कार्यकर्ताको काम गर्ने जागरलाई मर्न नदिने हो भने पार्टी एउटा व्यक्तिको स्वार्थ र अंहकारमा सति जानू हुँदैन । हिजो एऊटा कालखण्डमा पार्टी निर्माणमा अतुलनीय योगदान गरेको होला तर आजको यथार्थ जेहो त्योसँग सम्झौता गर्न हुँदैन । पार्टी अध्यक्षले नै यो विषम परिस्थितिको निकाश दिने हो। आगे जो विचार ।

# रासायनिक पदार्थ हालेर पकाइएको आँप चिन्ने ६ तरिका



सुजा मोक्तान पोषणविद्



मीठो र रसिलो आँप मन नपराउने सायदै होलान्। तर आँपलाई छिटो पकाउन र रसिलो बनाउन धेरै रसायनको प्रयोग गरिने कुरा बेलाबेलामा सुनिन्छ। रसायन र कीटनाशकहरु स्वास्थ्यका लागि हानिकारक हुन्छन्। त्यसैले रसायन प्रयोग गरेर पकाएको आँपले पनि स्वास्थ्यमा असर गर्छ।

यस्तो अवस्थामा आँप किन्दा केमिकलमुक्त आँपको पहिचान गर्नु जरुरी हुन्छ । किनभने रासायनिक तरिकाले पकाएको आँपमा क्याल्सियम कार्बाइड नामक रसायन हुन्छ । यसले पेट फुल्ने, पखाला लाग्ने र पेटमा ग्यास भरिने हुन्छ।

विभिन्न अध्ययनअनुसार रासायनिक रूपमा पाकेको आँपको अत्यधिक सेवनले क्यान्सरको जोखिम बढाउँछ। यी आँपमा भिटामिन र मिनरल्सको मात्रा कम हुन सक्छ र यसमा हानिकारक विषाक्त पदार्थहरू उच्च मात्रामा पाइन्छ, जसले हृदयरोग, मधुमेह र मिर्गौला रोग निम्त्याउन सक्छ । कहिलेकाहीं कीटनाशकको कारण छाला एलर्जीको जोखिम पनि हुन्छ।

आँप भिटामिन सी, भिटामिन ए, भिटामिन ई, फोलेट, भिटामिन बी ६ का साथै कपर, म्याग्नेसियम जस्ता खनिजको राम्रो स्रोत हो। प्राकृतिक रूपमा पाकेको आँपको तुलनामा रासायनिक तरिकाले पकाएको आँपमा भिटामिन ए, भिटामिन सी र अन्य पोषक तत्वको मात्रा कम हुन्छ। यस्तोमा रसायन प्रयोग भएको आँप चिन्नका लागि केही सजिलो परीक्षण गर्न सकिन्छ।

### रंगद्वारा पहिचान

सामान्यतया धेरै आँपको आकर्षक रङ हेरेर त्यसको आधारमा आँप किन्ने गर्छन्। तर रङकै आधारमा त्यसमा रसायन प्रयोग भएको छ कि छैन भन्ने कुरा पनि पत्ता लगाउन सकिन्छ । आँप प्राकृतिक रुपमा पाकेको छ भने यसको रङ हल्का पहेंलो र हरियो हुन्छ। रसायनले पकाएको आँप भने धेरै गाढा पहेंलो रङको हुन्छ।

### दाग हुनसक्छ

आँपमा रहेको दागले पनि यसको रासायनिक मिसावट भएको संकेत दिन सक्छ। कतिपय आँपमा नीलो, कालो वा सेतो दागहरू देखिन सक्छ । यस्ता आँप किन्नु हुँदैन । केमिकलका कारण यस्तो दाग देखिएको हुन्छ।

### पानीमा डुबाएर जाँच्ने

घरमा साधारण परीक्षण गरेर केमिकल पत्ता लगाउन सकिन्छ। किनेर ल्याएको आँपलाई पानीले भरिएको बाल्टिनमा राख्नुहोस् । पानीमा डुबेको आँप प्राकृतिक रुपमा पाकेका हुन्। माथि तैरिने आँपहरू केमिकलले पकाएको हुनसक्छ ।

### काटेर हेर्ने

आँप काट्दा गुदीको रङ एकै किसिमको पहेंलो भएमा प्राकृतिक रूपमा पाकेको हुन्छ। यदि आँपको छेउको भाग धेरै पहेंलो छ र बीचको भाग हल्का मात्र पहेंलो छ भने यो केमिकलको संकेत हो।

### बास्ना महत्वपूर्ण छ

रसायन प्रयोग भए नभएको पत्ता लगाउन आँपको सुगन्ध पनि धेरै महत्वपूर्ण छ। रसायनको प्रयोगबाट पाकेको आँपको बास्ना निकै कम हुन्छ र कुनैमा आँपमा त बास्ना नै हुँदैन। तर प्राकृतिक रूपमा पाकेको आँपको मीठो बास्ना हुन्छ ।

### स्वाद फरक हुन्छ

रसायन हालेर पकाइएको आँप प्राकृतिक रुपमा पाकेकोको तुलनामा कम गुलियो र कम स्वादिष्ट हुन्छ ।

*(स्रोत: अनलाईनखबर)*

## केवा फुङ्को गीत परिचर्चा

# एकल कविता वाचन कार्यक्रम



साहित्यिक कार्यक्रमपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौंडाः कवि गगन योक्पाङ्देनको केवा फुङ्को गीतमाथि परिचर्चा एवम् एकल कविता वाचन कार्यक्रम सम्पन्न भएको छ । शनिबार झरना साहित्यिक परिवार मकवानपुरको ३ सय ३ औं साहित्य श्रृंखलाको अवसरमा योक्पाङ्देनको कृतिमाथि परिचर्चा तथा एकल कविता वाचन कार्यक्रम सम्पन्न भएको हो ।

साहित्यकार घनश्याम घिमिरेले फुङको गीतमाथि समीक्षात्मक तिप्पणी गर्नुभएको थियो । समीक्षक घिमिरेले आफूले भोगेको वास्तविक कुराहरुलाई कविताको माध्यमबाट चित्रण गरेको बताउनुभएको छ । समावेशी र आत्माको परिचालनलाई कवितामा हेर्दा विभिन्न कुराहरुलाई समेटेको उहाँले बताउनुभयो । आफ्नो पहिचानलाई आफूले बचाउनुपर्छ भन्ने उद्देश्यले कवितामा समावेश भएको उहाँले धारणा राख्नुभयो । विचार विषय चयन विम प्रतिग शैलीहरुमा नयाँ अनुभव हुने कुराहरुलाई समेटिएको उहाँको भनाइ छ ।

कवितामा विचार र परिपक्वताको अभाव भएको उहाँले मूल्यांकन गर्नुभएको छ । विचार नवीनतम, विषय विम प्रतिगको शैलीहरुलाई नयाँ ढाँचाबाट संरचना गरिएको उहाँले बताउनुभयो । स्वाभिमान, आत्मपहिचान र संस्कृतिको दृष्टिकोणले हेर्दा अरुको सम्मान गर्नुपर्ने उहाँले बताउनुभयो । कविताले अरु चार्डपर्वको तुलनामा दशैं र तिहारलाई नै केन्द्र बनाएकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । पहिचान र सामाजिक बिचको रेखालाई चित्रण गर्नुपर्ने उहाँको धारणा छ । विद्रोह रुपान्तरण र नेपाली राजनीतिलाई हिंसात्मक आन्दोलनको रुपमा कमजोर देखिएको उहाँले बताउनुभयो ।

सर्जक सञ्जाल मकवानपुरका संयोजक तथा कार्यक्रमका प्रमुख अतिथि निमेष निखिलले हरेक मानिसहरुले पहिलो पटक कविताको रचना गर्दा आलोचनाको सामना गर्नुपर्ने बताउनुभएको छ । साहित्यकारहरुले कविताहरु रचना गर्ने क्रममा आकर्षण बनाउन फरक तरिकाले कसरी लेख्नुपर्ने भन्ने कुराको मूल्यांकन गर्न आवश्यक रहेको बताउनुभयो । कवितामा आफ्नोपन कसरी झल्काउन सकिन्छ भन्ने कुरा बुझ्नुपर्ने उहाँले बताउनुभयो । कविता कला र विचारको सन्तुलन मिलाएर लेख्नुपर्ने उहाँको भनाइ छ । साहित्यकार घिमिरेले गरेको समीक्षात्मक टिप्पणीलाई मध्यनजर गर्न उहाँले आग्रह गर्नुभयो ।

योक्पाङ्देनले केवा फुङ्कोको १० वटा कविता वाचन गर्नुभयो । उहाँले आमा प्रति, पानीको जीवन, उपहार, छोरीको चकचक, भरिएको कथा, बाटो को आयो, एउटा घरको दिनचर्या, छिमेकीलाई, पवन हलुवाईको दिनचर्या र साइली सोल्टिनीको बैंश शीर्षकमा कविता वाचन गर्नुभएको हो । झरना साहित्यिक परिवारका अध्यक्ष विश्वनाथ सञ्जेलको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा विभिन्न साहित्य क्षेत्रमा आवद्ध भएका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# यातायात व्यवसायी चरम संकटमा



साधारणसभामा सम्मान पछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौंडाः यातायात व्यवसायीले आफ्ना सवारी साधनमा आवश्यक पर्ने स्पेयर पार्टस् र ईन्धन उपभोग गर्ने गरी स्थापना गरेको सहकारीको १५ औं वार्षिक साधारणसभा शनिबार भएको छ । यातायात व्यवसायी उपभोक्ता सहकारी संस्थाका अध्यक्ष किरण पौडेलको सभाध्यक्षतामा भएको साधारणसभामा आर्थिक मन्दीका कारण यातायात व्यवसायी संकटमा परेको बताउनुभएको छ ।

कार्यक्रमका प्रमुख अतिथि यातायात व्यवसायी महासंघका अध्यक्ष हीरालाल श्रेष्ठले यातायात व्यवसायीलाई परेको संकटका बारेमा सरकारसँग छलफल भइरहेको बताउनुभयो । भारतीय ट्रकले नेपालमा सामान ओसारपसार गरिरहेको तर, नेपाली लगानीकर्ताको ट्रक काम नपाएर खाली बस्नु परेको कारण बैंक व्याज, मर्मत, ईन्धनको भुक्तानी गर्न नसकेको श्रेष्ठले बताउनुभयो । कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्यले पछिल्लो समय धेरै यातायात व्यवसायी पलायन भइरहेको बताउँदै व्यवसायीहरु संगठित भएर राज्यसँग व्यावसायिक अधिकारका लागि लड्न सुझाव दिनुभयो । संस्थाका संचालक सदस्य बिष्णुहरि बिडारी, सेयर सदस्य देवनारायण लामिछाने 'भीमसेन'ले सहकारी संस्थाले गर्ने कारोबारको दायरा फराकिलो बनाउँदै जानुपर्ने बताउनुभयो ।

५ करोड ३७ लाख रुपैयाँ सेयरपूँजी रहेको सहकारीले हेटौंडा-१० मा सवारी साधनका लागि आवश्यक स्पेयर पार्टस् र हेटौंडा-११ नवलपुरमा पेट्रोल पम्प संचालन गरिरहेको छ । संस्थाका अध्यक्ष पौडेलले सहकारीको बक्यौता करिब ४ करोड रुपैयाँ रहेका कारण चालुपूँजीको अभाव हुन थालेको र आर्थिक मन्दीका कारण व्यवसाय चलायमान हुन नसकेको बताउनुभयो । सहकारीका सचिव सुनिलकुमार न्यौपाने र कोषाध्यक्ष कुमार बर्तौलाले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सहकारीका सचिव न्यौपानेले दिएको राजीनामा स्वीकृत गरी बन्दसत्रले सचिव चयन गर्ने बताइएको छ ।

सहकारीले हेटौंडा-११ मा संचालन गरेको पेट्रोल पम्पले एक वर्षको अवधिमा करिव ४३ लाख रुपैयाँ र मोटरपार्टस् पसलतर्फको एक करोड सात लाख रुपैयाँ नोक्सान रहेको प्रतिबेदनमा उल्लेख गरिएको छ । करिव डेढ करोड रुपैयाँ नोक्सानमा रहेको, अवकाश प्राप्त कर्मचारीको उपदान, औषधिउपचार, सञ्चित बिदा जस्ता शीर्षकमा भुक्तानी दिई बिदा गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

# रेलमार्ग निर्माण ९० प्रतिशत सकियो

सर्लाहीः राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको पूर्व-पश्चिम विद्युतीय रेल मार्ग निर्माणको काम सर्लाहीमा मात्र ९० प्रतिशत सकिएको छ । पूर्व-पश्चिम विद्युतीय रेलमार्गअन्तर्गत सर्लाही खण्डमा ९० प्रतिशत काम सकिएको आयोजनाको लालबन्दी कार्यालयका सूचना अधिकारी इन्जिनियर भुवनेश्वर यादवले जानकारी दिए ।

यस खण्डअन्तर्गत पूर्वमा बाँके खोलादेखि पश्चिम बागमती नदीसम्म ३० किलोमिटर ट्र्याक निर्माणको काम भइरहेको हो । परियोजनाको जारी पहिलो चरणको कामअन्तर्गत रेल मार्गको ट्र्याकमा बेस हाल्नेसम्मको काम सम्पन्न हुने इन्जिनियर यादवले बताए । चालु आर्थिक वर्षको अन्तिमसम्ममा ठेक्का अवधिसमेत सकिने भएकाले ठेकेदार कम्पनीले कामको रफ्तार बढाएको उनको




भनाइ छ । यस खण्डको केही स्थानमा भने ट्र्याक निर्माणको कामसमेत बाँकी रहेको छ ।

सागरनाथ वन परियोजना र मूर्तिया वन कार्यालयले रूख कटान नगर्दा काम रोकिएको छ । हरिवन नगरपालिका-५ घुर्कौली क्षेत्रका केही किसानले अझै मुआब्जा लिन नमानेका कारण काम अगाडि बढ्न सकेको छैन । किसानले जग्गाको मूल्याङ्कन बढाउन माग गर्दै काम गर्न अवरोध गरिरहँदा त्यस क्षेत्रमा कामको प्रगति शून्य छ । वन कार्यालयले समेत भर्खरै रूख कटानको ठेक्का लगाएको रेल्वे आयोजना कार्यालय लालबन्दीले जनाएको हो । ढिलो गरी रूख कटानको तयारी भएकाले समयमै काम सम्पन्न हुनेमा अझै शङ्का रहेको परियोजनाका सूचना अधिकारी यादवले बताए । आयोजना ठेक्का लागेको छ वर्षमा मात्र ९० प्रतिशत हाराहारीमा काम सकिएको हो ।

यस योजनाको आर्थिक वर्ष २०७४/७५ मा ठेक्का लागेको थियो । लगत्तै ठेकेदार कम्पनीले निर्माण आरम्भ गरेको थियो । पछिल्लो समय बजेट अभावले समेत कामको गति सुस्त बनेको उनको भनाइ छ । ठेकेदार कम्पनीले काम सम्पन्न गरिसक्दासमेत भुक्तानी पाउन बाँकी रहेको आयोजना कार्यालय लालबन्दीले जनाएको छ । *स्रोतः अनलाइनखबर ।*

# प्रधानमन्त्रीको राजीनामा माग्दै डा. केसीले सुरु गरे अनशन



अनसनमा बस्नुभएका डा. गोविन्द केसी ।

काठमाडौंः प्रधानमन्त्री पुष्पकमल दाहालको राजीनामा माग गर्दै डा. गोविन्द केसीले २२ औं पटक आमरण अनशन सुरु गरेका छन् । शनिबार अनशन सुरु गर्नुअघि जारी गरेको प्रेस विज्ञप्तिमा उनले सशस्त्र द्वन्द्वकालमा मानवताविरोधी अपराध र युद्ध अपराधमा संलग्न प्रमुख नेताको हैसियतमा प्रधानमन्त्री पदबाट प्रचण्डको राजीनामा माग गरेका हुन् । उनले निष्पक्ष रुपमा र पीडितहरुले न्याय अनुभूत गर्ने गरी संक्रमणकालीद्द न्यायको प्रक्रिया टुंगोमा पुग्ने सुनिश्चित गर्न पनि माग गरेका छन् ।

'हाल सत्ताको नेतृत्व गरेका प्रचण्ड त पदमा रहँदा सधैंभर आफ्नो दण्डहीनताका लागि सिंगो संक्रमणकालीन न्याय प्रक्रियालाई भद्दा मजाकमा परिणत गरेको इतिहास छ । त्यसैले निष्पक्ष रुपमा र पीडितहरुले न्यायको अनुभूति गर्ने गरी संक्रमणकालीन न्यायको प्रक्रिया नटुंगिउन्जेल पदमा बस्ने उनको कुनै पनि नैतिक तथा कानुनी धरातल छैन । तसर्थ उनले तुरुन्त राजीनामा दिनुपर्छ', उनले विज्ञप्तिमा भनेका छन् । बृहत शान्ति सम्झौतापछि द्वन्द्वकालमा मानव अधिकार हनन, मानवताविरोधी अपराध र युद्ध अपराध गर्ने व्यक्तिहरु र दलहरु नै अहिलेसम्म निरन्तर सत्तामा रहेको भन्दै केसीले उनीहरुले शक्तिको आडमा छानबिन प्रक्रिया निस्तेज पारेर सजायबाट बच्ने दाउमा लागेको आरोप लगाएका छन् ।

'हजारौं पीडितहरुले अहिलेसम्म न्याय पाएका छैनन् । अन्तर्राष्ट्रिय कानुन अनुसार पनि मानवताविरोध र युद्ध अपराधमा संलग्न व्यक्तिहरुलाई सजाय कम हुने तथा माफी हुने प्रावधान छैन', उनले विज्ञप्तिमा भनेका छन् । मानवताविरोधी अपराध र युद्ध अपराधमा जोडिएका कतिपय माओवादी नेताहरु अहिले शक्ति र सत्ताको आडमा सजायबाट जोगिन खोजिरहेको भन्दै केसीले दण्डहीनता कायम गर्न प्रचण्डसँगै केपी शर्मा ओली, शेरबहादुर देउवा र माधवकुमार नेपालको भूमिका पनि बराबर रहेको बताएका छन् ।

उनले अगाडि भनेका छन्, 'त्यसैले नेपालमा लोकतन्त्रको साख बचाउने हो भने ओली, देउवा र माधव नेपालले सत्ता र आआफ्ना पार्टीहरुमा नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नु दल, देश र जनताको बृहत हितमा हुनेछ ।' केसीले ३ बुँदे माग राखेर पशुपति क्षेत्रको मृगस्थलीमा अनशन सुरु गरेका छन् । उनका अन्य मागमा सबै नेपालीले गुणस्तरीय स्वास्थ्य उपचार र निशुल्क औषधि पाउनुपर्ने र आफूसँग विभिन्न समयमा सरकारले गरेका सहमति कार्यान्वयन गर्नुपर्ने पनि रहेको छ ।

केसीले सुदूरपश्चिमको गेटामा स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गर्नुपर्ने, गण्डकी र मधेश प्रदेशका साथै इलाम, उदयपुर र डडेल्धुरामा मेडिकल कलेज वा प्रतिष्ठान निर्माण गर्न पनि माग गरेका छन् । त्यस्तै विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारी नियुक्ति मापदण्डसम्बन्धी उच्च शिक्षा ऐन र एकीकृत स्वास्थ्य शिक्षासम्बन्धी ऐन तुरुन्त पारित गर्न माग गरेका छन् । केसीले गौरीबहादुर कार्की आयोगले दोषी ठहऱ्याएका व्यक्तिहरुलाई कारबाही गर्न पनि माग गरेका छन् ।

*स्रोतः अनलाइनखबर ।*

# एक पर्वतारोहीको मृत्यु

संखुवासभाः संखुवासभामा रहेको विश्वको पाँचौं अग्लो मकालु हिमाल आरोहण गरी फर्किने क्रममा एक पर्वतारोहीको मृत्यु भएको छ । आरोहण गरी फर्किने क्रममा पर्वतारोही सोलुखुम्बु जिल्ला महाकुलुङ गाउँपालिका-४ का ५४ वर्षीय ल्हाक्पा तेञ्जी शेर्पाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक अशोक जबेगुले जानकारी दिए । मकालु हिमाल आरोहण गरी फर्कने क्रममा मकालु गाउँपालिका-२ र ३ को सिमानामा बेपत्ता भएका शेर्पाको शव शुक्रबार दिउँसो मकालु आधार शिविरमा फेला परेको प्रहरी निरीक्षक जबेगुले बताए । घटनास्थलबाट शेर्पाको शव मुचुल्कापश्चात् सोलुखुम्बु लगिएको उनको भनाइ छ । यातायात र सञ्चार सेवा नभएका कारण मकालुक्षेत्र भौगोलिकरुपमा विकट मानिन्छ । घटनास्थल सदरमुकाम खाँदबारीदेखि पाँच दिनको पैदल दूरीमा पर्दछ । पर्वतारोही शेर्पाको शव मुचुल्का पछि शनिबार नै सोलुखुम्बु लगिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । *स्रोतः अनलाइनखबर ।*



# सिन्धुली र चितवनमा एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा बागमती प्रदेशको दुई जिल्लामा एकैदिन ४ जनाको मृत्यु भएको छ। प्रदेशको सिन्धुलीमा एक जना र चितवनमा ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सिन्धुली जिल्लाको कमलामाई नगर पालिका-९, इनारपानीमा ट्वाइलेटमा लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ६३ वर्षीय कृतिबहादुर कार्की रहेको प्रहरीले जानकारी दिएको छ।

शुक्रबार राति १० बजेको समयमा कार्की घर नजिकै रहेको ट्वाइलेटमा लडी घाइते अवस्थामा फेला परेका थिए। कार्कीलाई उपचारका लागि जिल्ला अस्पताल सिन्धुली लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, चितवन जिल्लाको राप्ती नगरपालिका-७, फोर ग्रुपमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा ६१ वर्षीय नारायण सापकोटा रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार सापकोटा सडकमा लडिरहेको अवस्थामा मृत फेला परेका थिए।

चितवन जिल्लाको जीवनपुरमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ५५ वर्षीय शिवप्रसाद मर्दनिया रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार साँझ ६ बजेर २० मिनेटको समयमा मर्दनिया आफ्नै घरको छतको धारामा हात धुने क्रममा करेन्ट लागि घाइते भएका थिए। घाइते मर्दनियालाई उपचारका लागि बघौडा अस्पताल लगिएकोमा साँझ ६ बजेर ४७ मिनेटमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-१८, आदर्श टोलमा स्कुटरले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा ८३ वर्षीया दिलमाया अधिकारी रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार राति ९ बजेको समयमा भरतपुरबाट घरतर्फ आउँदै गरेको बा प्र ०३-००५ प ५९ नम्बरको स्कुटरले ठक्कर दिँदा अधिकारी घाइते भएकी थिइन्। घाइते अधिकारीलाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा शनिबार बिहान ५ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# एमबाप्पेले पीएसजी छाड्ने

काठमाडौंः फ्रान्सेली स्टार स्ट्राइकर केलिएन एमबाप्पेले यस सिजनको अन्त्यमा पेरिस सेन्ट जर्मेन (पीएसजी) छाड्ने बताएका छन्। २५ वर्षीय एमबाप्पेले आफ्नो सोसल मिडियामार्फत एक भिडियो सार्वजनिक गर्दै फ्रेन्च क्लब छाड्ने निर्णय सार्वजनिक गरेका हुन्।

'मैले सधैं भन्ने गरेको छु कि म सयम आएपछि तपाईंहरुलाई भन्नेछु', एमबाप्पेले भने, 'पीएसजीमा मेरो यो अन्तिम वर्ष हो। म नवीकरण गर्ने छैन र मेरो यात्रा केही साताका समाप्त हुनेछ।' पीएसजीसँग एमबाप्पेको सम्झदता जुनमा सकिँदैछ। यसअघि नै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले फेब्रुअरीमै एमबाप्पेले रियल मड्रिडसँग सम्झौता गर्ने सहमति गरिसकेको खुलासा गरेको थियो। फ्रान्सबाट सन् २०१८ मा विश्वकप जितेका एमबाप्पेले पीएसजीका लागि कीर्तिमानी २५५ गोल गरेका छन्।

उनले पीएसजीका लागि घरेलु मैदान पार्क डे प्रिन्समा आइतबार अन्तिम लिग खेल खेल्दैछन्। त्यसपछि पीएसजीले नाइस र मेट्जसँग अवे मैदानमा खेल्नेछ भने २५ मे मा फ्रेन्च कपको फाइनलमा लियोनसँग लिलस्थित स्टेड पिएरे माउरोएमा खेल्नेछ। पेरिसमा जन्मेका एमबाप्पेल सन् २०१७ मा १६५.७ मिलियन युरोमा पीएसजीमा अनुबन्ध भएका थिए। जहाँ उनलाई खेलाडी र व्यक्तिको रुपम विकास गर्न सहयोग पुगेको बताए। पीएसजी छाडेपछि एमबाप्पे अब स्पानिस जायन्ट रियल मड्रिड जाने तयारीमा छन्। उनले त्यहाँ ५ वर्षको सम्झौता गर्ने बीबीसीले उल्लेख गरेको छ। जहाँ उनले एक सिजनमा १५ मिलियन युरो कमाइ गने छन्। *स्रोतः अनलाइनखबर।*

## ज्ञानदीपको साधारणसभा

# १० जना सम्मानित, उत्कृष्ट विद्यार्थी पुरस्कृत



*ज्ञानदीप सहकारीद्वारा सम्मानित व्यक्तिहरु।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, भैरवरोडस्थित ज्ञानदीप बहुद्देश्यीय सहकारी संस्थाको २४ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। शनिबार संस्थाका अध्यक्ष ऋषिराम पोखरेलको सभाध्यक्षता तथा संस्थाका संस्थापक अध्यक्ष यादवप्रसाद शर्माको प्रमुख आतिथ्यमा वार्षिक साधारणसभा सम्पन्न भएको हो।

कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष जिधराज ढकाल, जीएस निकेतन बोर्डिङका पूर्वप्रिन्सिपल रामबाबु सापकोटा र संस्थापक अध्यक्ष शर्मालाई ११ हजार १ सय ११ रुपैयाँ नगद राशि र सम्मानपत्रसहित सम्मानित गरिएको छ। ज्ञानदीप पत्रकारिता पुरस्कारबाट हेटौंडा सन्देश दैनिकका सम्पादक माधव न्यौपानेलाई सम्मान गरिएको छ। विद्यालय र सहकारीको गतिविधिलाई समाचार सम्प्रेषणको माध्यमबाट जनतामाझ पुऱ्याउन दिएको योगदानको कदर गर्दै सम्पादक न्यौपानेलाई ५ हजार ५ सय रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको हो।

यस्तै, कवि आचार्य, प्रकाश कर्माचार्य, पार्वती गुरुङ, पूर्णमाया लिम्बु, बिनोद श्रेष्ठ र सूर्यनारायण श्रेष्ठलाई पनि नगद राशि र सम्मानपत्र प्रदान गरिएको छ। शैक्षिक सत्र २०८० मा कक्षा-८ को नगरस्तरीय परीक्षामा जीएस निकेतन बोर्डिङबाट उत्कृष्ट नतिजा ल्याउन सफल भएका १२ जना विद्यार्थीहरुलाई पुरस्कृत गरिएको छ। पुरस्कृत हुनेमा समीक्षा यादव, कस्तुरी शाह, ग्रिष्मा गुञ्जन पोखरेल, कविराज यादव, मानस्वी लामिछाने, एलेक्स घिमिरे, प्रशन्न गोले लामा, मिसन बञ्जारा, अरमान खत्री, प्रज्ञा दहाल, आकाश कुमार, शताब्दी खरेल रहेका छन्। कार्यक्रम सञ्चालन संस्थाका सचिव लीलानाथ ढुंगेलले गर्नुभएको हो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै राष्ट्रिय सहकारी विकास बैंक हेटौंडा शाखाका प्रमुख रामेश्वर अर्यालले सहकारीहरु वित्तीयरुपमा परिचालन भएको बताउनुभएको छ। आर्थिक कारोबारको क्षेत्रमा सहकारी संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँले बताउनुभयो। सहकारीलाई कस्तो तरिकाले संरचना गर्ने भन्ने कुरा सेयर सदस्यहरुमा निर्भर हुने उहाँले बताउनुभयो। सेयर सदस्यहरु सकारात्मक भएमा सहकारीलाई अगाडि बढाउन सकिने उहाँको भनाइ छ। सेयर सदस्यहरुले जम्मा गरेको पैसाको परिचालन गर्नका लागि सहकारीले सहयोग गर्ने उहाँले बताउनुभयो। आफ्नो संस्थालाई सबैले अपनत्व लिनुपर्ने उहाँको धारणा छ।

साधारणसभामा संस्थाको गत आर्थिक वर्ष २०७९/०८० मा ४ करोड ७७ लाख ९४ हजार ४ सय ३५ रुपैयाँको वासलातको वितरण प्रस्तुत गरिएको छ। संस्थाका कोषाध्यक्ष मोहनप्रसाद न्यौपानेले आर्थिक वर्ष २०७९/०८० को आयव्यय विवरण सुनाउनुभएको हो। उहाँले खानेपानी व्यवस्थापनका लागि युरोगार्ड र ट्याङ्की थप गरेको बताउनुभयो।

शैक्षिक वर्ष २०८० मा शिक्षक तथा कर्मचारीहरुको तलब समयमै समायोजन गरेको बताउनुभयो। विद्यार्थी, शिक्षक, कर्मचारी तथा सञ्चालक समितिको सहकारी अवलोकन भ्रमण कार्यक्रमका लागि ५ लाख ८९ हजार ७४ रुपैयाँ खर्च गरेको बताउनुभयो। शैक्षिक वर्ष २०८० को सुरुवातमा बालबालिकाको चौतर्फी विकासका लागि गत आर्थिक वर्षमा गरेको घोषणाअनुसार ७ लाख ७५ हजार ३ रुपैयाँ खर्च गरेर खेल सामग्रीसहितको बाल उद्यान निर्माण कार्य सम्पन्न गरेको बताउनुभयो।

यस्तै, चालु आर्थिक वर्ष २०८०/०८१ मा केवा फुङको गीतमाथि परिचर्चा तथा एकल कविता वाचन कार्यक्रम सम्पन्न गरिएको बताउनुभयो। पुरस्तकालय व्यवस्थित गरेर १३ थान सिसी क्यामेरा जडान र प्रोजेक्टर ५ थान खरिद गर्दा ४ लाख ५० हजार रुपैयाँ खर्च भएको कोषाध्यक्ष न्यौपानेले बताउनुभयो। माध्यमिक शिक्षा परीक्षा (एसईई)मा उत्कृष्ट अंक ल्याउने विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्ने कामलाई निरन्तरता दिनका लागि एक लाख रुपैयाँ बजेट बिनियोजन गरिएको उहाँको भनाइ छ।

कार्यक्रममा ५ नम्बर वडा अध्यक्ष सुशील घिमिरे, १८ नम्बर वडा अध्यक्ष अनिल बानियाँ, हेटौंडा उपमहानगरपालिका सहकारी विभागका प्रमुख हिमप्रसाद पौडेल, सार्वजनिक कार्यान्वयन इकाइका प्रमुख बद्रीबहादुर पाठक र हेटौंडा उपमहानगर पालिकाका कानुनी सल्लाहकार ईश्वरराज ढकालको विशिष्ट आतिथ्य रहेको थियो।

# प्रगति माविको २३ औं अभिभावक भेला सम्पन्न



*अभिभावक भेलामा उपस्थित अभिभावकहरु।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयको २३ औं अभिभावक भेला सम्पन्न भएको छ। शनिबार विद्यालयको प्रगति विवरण, शिक्षक/विद्यार्थी सम्मानसहित अभिभावक भेला सम्पन्न गरेको विद्यालयका सहायक प्रधानाध्यापक किशोर पराजुलीले जानकारी दिनुभयो।

अभिभावक भेलाको अवसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदिप पराजुली र विद्यालयका प्रधानाध्यापक निरञ्जनप्रसाद ढकालले विद्यालयको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा २०७९ सालको एसईईमा उत्कृष्ट जीपीए ल्याउन सफल पाँचजना विद्यार्थीलाई नगद र प्रशंसापत्रसहित सम्मान गरिएको थियो।

विद्यालयले ३.८ जीपीए ल्याउन सफल जिज्ञासा पौडेललाई नगद ५ हजार रुपैयाँसहित प्रशंसापत्रले सम्मान गरिएको उहाँले जानकारी दिनुभयो। यस्तै ३.७५ जीपीए ल्याउन सफल त्रिशान्तकुमार कुशवाहा, ३.६५ जीपीए ल्याउन सफल अजितकुमार चौधरी र सोही जीपीए ल्याउन सफल अजीतकुमार गुप्तालाई नगद ३ हजार रुपैयाँसहित सम्मान गरिएको थियो। यस्तै, कक्षा १२ मा सर्वोकृष्ट अङ्क ल्याउने प्रविना पौडेललाई पनि नगद ५ हजार र प्रशंसापत्रसहित सम्मान गरिएको उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा विद्यालयका विभिन्न शिक्षक कर्मचारीहरूको योगदानको कदर गर्दै सम्मान गरिएको थियो। सम्मानित हुने मावि तहका शिक्षक माधवप्रसाद गौतम, निमावि तहका कमल पाल अधिकारी, प्रावि तहका विमलकुमार घिमिरे, कर्मचारी राधिका देउला र संयोजक सुदी पौडेललाई पनि सम्मान गरिएको छ। यस्तै, कक्षा १२ को परीक्षामा शतप्रतिशत विद्यार्थी पास गराउने शिक्षक ज्योति न्यौपाने र मञ्जु खनालाई पनि सम्मान गरिएको थियो। विद्यालयका नयाँ शिक्षकलाई स्वागत गरिएको थियो भने विद्यालयबाट सरुवा भई अन्यत्र गएका शिक्षकहरुलाई योगदानको कदर गर्दै सम्मान गरिएको थियो।

कार्यक्रम हेटौंडा उपमहानगर पालिकाका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य तथा उपप्रमुख राजेश बानियाँको विशिष्ट आतिथ्यमा भएको हो। कार्यक्रममा विद्यालयका शिक्षक, कर्मचारी, वडाध्यक्ष, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्षहरुको उपस्थिति रहेको थियो।

अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समितिको पुनर्गठन हुन लागेको पराजुलीले जानकारी दिनुभयो। कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयमा नयाँ शैक्षिक सत्रमा २२५ जना विद्यार्थी भर्ना भएको उहाँले बताउनुभयो।

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

## डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो फिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षति समेत पुऱ्याउँन सक्ने हुँदा डढेलो लाग्नबाट जोगाउँन विशेष सावधानी अपनाऔं।

डिभिजन वन कार्यालय, मकवानपुर

## जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा जनहितमा जारी सन्देश ।।

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मे देखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुन्छ। बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालकालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनुपर्ने सबै खोपहरु समयमै पुरा गराऔ। १५ महिनामा लगाउनुपर्ने दादुरा रुबेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पुरा गराऔं। पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं। खोप सम्बन्धि कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा निशुल्क कल सेन्टर ११९५ मा सम्पर्क गरौं याद गर्नुहोस। जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगबाट बचाउन सकिन्छ।

जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर

